आज मिति २०८१ साल असोज १० गते बिहिवारका दिन यस देवानगञ्ज गाउँपालिकाका अध्यक्ष श्री बेचन प्रसाद मेहताज्यूको अध्यक्षतामा बसेको आ.व. २०८१/०८२ को तेश्रो कार्यपालिका बैठक देहाय बमोजिमको उपस्थितिमा तपसिल बमोजिम निर्णय गरियो ।

**उपस्थिति:**

श्री बेचन प्रसाद मेहता -अध्यक्ष

श्री कुमारी विभा यादव -उपाध्यक्ष

श्री सुर्य नारायण पाल -वडा अध्यक्ष, वडा नं.१

श्री जग नारायण मेहता -वडा अध्यक्ष, वडा नं.२

श्री अनिल कुमार भगत -वडा अध्यक्ष, वडा नं.३

श्री शुशिल कुमार मेहता - वडा अध्यक्ष, वडा नं.४

श्री मनोज कुमार मण्डल - वड़ा अध्यक्ष, वडा नं.५

श्री हरिनन्दन मेहता - वडा अध्यक्ष, वडा नं.६

श्री सुर्य नारायण यादव - वडा अध्यक्ष, वडा नं.७

श्री रुणा देवी दास - कार्यपालिका सदस्य

श्री उषा देवी यादव - कार्यपालिका सदस्य

श्री सुनिता देवी यादव -कार्यपालिका सदस्य

श्री सम्तुलिया देवी बाँतर - कार्यपालिका सदस्य समतोलिया

श्री मनोज कुमार भगत -कार्यपालिका सदस्य

श्री किशोर कुमार पाल - कार्यपालिका सदस्य

श्री सुधिर साफी -सदस्य सचिव

**आमन्त्रित:**

श्री जनार्दन प्रसाद मेहता — सूचना प्रविधि अधिकृत

श्री बिन्देवर यादव लेखा पाल

श्री कमलेश यादव - वडा सदस्य -

प्रस्तावहरु:

१. समिक्षा सम्बन्धमा ।
२. न्यायक समिति सम्बन्धमा ।
३. जग्गा वर्गीकारण सम्बन्धमा ।
४. मोटर बोरिंगको DPR सम्बन्धमा ।
५. बजेट व्यवस्थापन सम्बन्धमा ।
६. बोरिंग तथा मोटरको लागि प्रस्ताव मांग सम्बन्धमा ।
७. कर्मचारी सम्बन्धमा ।
८. जिम्मेवारी सम्बन्धमा ।

निर्णयहरु:

**प्रस्ताव नं. १** माथि छलफल गर्दा मिति २०८१/०५/३१ गते बसेको आ.व. २०८१/०८२ को दोश्रो कार्यपालिका बैठकको निर्णयहरु सम्बन्धमा समिक्षा गर्दा संतोषजनक रुपमा कार्यान्वयन भएको व्यहोरा सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. २** माथि छलफल गर्दा न्यायिक समिति सदस्यहरुलाई प्रति महिना १० लि. इन्धन न्यायिक समितिको बजेटबाट खर्च हुने गरि दिनु हुन सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ३** माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गत रहेको तपसिलका जग्गाहरु निम्म क्षेत्र तथा वर्ग मा रहेको सर्वसम्मत निर्णय गरियो ।

तपसिल:

| सी.नं. | वडा नं. | साबिक वडा नं. | कित्ता नं. | क्षेत्र/वर्ग | कै |
|---|---|---|---|---|---|
| १ | १ | मध्यहर्षाही-१ | ६०३, ६०१ | आवासीय योग्य | |
| २ | ४ | कप्तानगंज-१(ख) | ५२७, ५३६, ५३२, ५३३ | आवासीय योग्य | |
| ३ | ५ | साहेबगंज-८(ख) र ९(क) | ५९१, ५९६ र ६३४ | आवासीय योग्य | |
| ४ | ६ | राजगंजसिनवारी-९(घ) | २३३ | कृषि योग्य | |
| ५ | ७ | राजगंजसिनवारी-२(क) | २५४ | कृषि योग्य | |
| ६ | ७ | राजगंजसिनवारी-३(क) | ७४४ | आवासीय योग्य | |

**प्रस्ताव नं. ४** माथि छलफल गर्दा देवानगंज गा.पा.को सातै वडामा बोरिंग तथा मोटर खरिद वितरण कार्यको लागि DPR गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ५** माथि छलफल गर्दा यस देवानगंज गाउँपालिकामा सुचारु रहेको कृषि सिचाई बिधुतिकारणको अधिकांश कार्य गाउँपालिका र बिधुत प्राधिकरणको साझेदारीमा संम्पन भइसकेको तथा बाँकी रहेको कार्यको लागि आवश्यक रकम रु. ४,००,००,०००(चार करौड) श्री उर्जा, जलश्रोत तथा सिचाई मन्त्रालय संग मांग गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ६** माथि छलफल गर्दा यस देवानगंज गाउँपालिकामा सुचारु रहेको कृषि सिचाई बिधुतिकारणको अधिकांश कार्य गाउँपालिका र बिधुत प्राधिकरणको साझेदारीमा संम्पन भइसकेको तथा देवानगंज गा.पा.को ७ वटा वडामा बोरिग तथा मोटर खरिद वितरण योजनाको लागि लाग्ने ५% रकम गाउँपालिकाले व्यहोर्ने गरि संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलमा प्रस्ताव पेश गर्ने योजना मांग गरिदिनुहुन श्री उर्जा, जलश्रोत तथा सिचाई मन्त्रालय संग अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ७** माथि छलफल गर्दा देवानगञ्ज गाउँपालिकाको कार्यालयमा प्रशासन सेवा, आ.ले.प. समूह, सहायकस्तर पाँचौं तह, आ.ले.प. सहायक पदमा कार्यरत श्री शोभा ढकालको स्वास्थ्य अवस्थाको कारण देखाई बारम्बार लामो समय सम्म विदामा बसि रहन पर्ने तथा हेरचाहको लागि पारीवारको सदस्य यहाँ नहुनु भएको भनि दिएको निजको निवेदन प्राप्त भएको र निजले कार्यालयबाट दिने सेवा प्रवाह प्रभावित भईरहेको हुँदा स्थानीय सरकारी सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरु सम्बन्धमा व्यवस्था गर्न बनेको ऐनको दफा २४ को उपदफा (४) बमोजिम हुने गरी निज श्री शोभा ढकाललाई कोशी प्रदेश मातहतको अन्य स्थानीय तहमा सरुवाको लागि सिफारिस गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ८** माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गत रहेको जग्गाहरु वर्गीकारणको लागि तपसिल बमोजिमका ५ जनाको सदस्य समिति गठन गरि उक्त कार्य गर्न सम्पूर्ण अधिकार दिने सर्वसम्मत निर्णय गरियो ।

१. सम्बन्धित वडाको वडा अध्यक्ष- संयोजक
२. प्रमुख प्रशासकीय अधिकृत- सदस्य
३. भोतिक पूर्वाधार तथा योजना शाखा प्रमुख- सदस्य
४. सम्बन्धित वडाको १ जना वडा सदस्य- सदस्य
५. पालिकाको अमिन- सदस्य सचिब

प्रस्ताव- नं - २ माथि म न्यायिक समिति संयोजकको असहमति छ।